मध्यपश्चिम विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

**बी.एड./छैठौँ सेमेस्टर**

विषय: नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक लेखन (नेपा.शि. ४६३)

---

सिम्बोल नं. ..........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. नयाँ भाषा पाठ्यपुस्तक निर्माणको प्रमुख आधार कुन हो ?
(क) प्राविधिक पक्ष (ख) नमुना अभ्यास
(ग) शब्दभण्डार (घ) व्याकरण

२. पाठ्यक्रमको प्रकृति अनुसार यस तहमा नेपा.शि ४६३ को क्रे.आ कति राखिएको छ ?
(क) पाँच (ख) छ
(ग) चार (घ) तीन

३. भाषा पाठ्यक्रमको साधारण उद्देश्य कुन हो ?
(क) सिकारुको स्तर निर्धारण गर्नु (ख) भाषिक सीपमा जोड दिनु
(ग) विषयगत ज्ञान दिनु (घ) पाठ्यवस्तुको जानकारी लिनु

४. पाठ्यवस्तु छनोटको वाह्य प्रभावक कुन हो ?
(क) माध्यम (ख) उद्देश्य
(ग) शैली (घ) भाषिका

५. पाठ्यवस्तुको अन्तर्सम्वधलाई विशेष ख्याल गरी निर्माण गरिनु कुन पाठ्यक्रमको मान्यता हो ?
(क) चक्रीय (ख) रेखीय
(ग) संरचनात्मक (घ) सम्प्रेषणात्मक

६. सम्बन्धित सिकारूका लागि निर्माण गरिएको भाषा पाठ्यपुस्तक पठनीयताका दृष्टिले सरल र जटिल हुनसक्ने प्रमुख कारण कुन हो ?
(क) आन्तरिक कारण
(ख) पाठ्यक्रम अनुसार पाठ्यवस्तुको छनोट नहुनु
(ग) विषयवस्तुको विविधता
(घ) भिन्न भाषिक पृष्ठभूमिका सिकारु हुनु

७. भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप भए नभएको मापन गर्ने मुख्य भूमिका कसको रहन्छ ?
(क) शिक्षक (ख) विद्यार्थी
(ग) पाठ्यक्रम निर्माता (घ) सम्बन्धित निकाय

८. प्रयोगात्मक मूल्याङ्कनका दृष्टिले पुरानाभन्दा नयाँ भाषा पाठ्यपुस्तक किन उपयुक्त मानिन्छन् ?
(क) अभ्यासलाई समग्रमा राखिएकाले
(ख) विधागत सन्तुलन भएकाले
(ग) वस्तुगत अभ्यास दिइएकाले
(घ) सीपगत आधारमा अभ्यास राखिएकाले

९. भाषा पाठ्यपुस्तक लेखनमा तह र कक्षाको वृद्धिसँगै पाठमा नयाँ शब्द थपोटको सिद्धान्त कुन हो ?
(क) एक पञ्चमांश (ख) एक तिहाइ
(ग) पचास प्रतिशत (घ) शतप्रतिशत

१०. आधारभूत तहका विद्यार्थीको पठन क्षमता विकासका लागि कुन पठन उत्तम मानिन्छ ?
(क) द्रुत पठन (ख) औषत पठन
(ग) सस्वर पठन (घ) उपयुक्त पठन

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

**बी.एड./छैटौं सेमेस्टर** पूर्णाङ्क: ६०

**समय: ३ घण्टा** उत्तीर्णाङ्क: ३०

विषय: नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक लेखन (नेपा.शि. ४६३)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** ६x५= ३०

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. संरचनात्मक र सम्प्रेषणात्मक पाठ्यक्रमको परिचय र विशेषता उल्लेख गर्नुहहोस्।

२. भाषा पाठ्यक्रम निमार्णको स्वरूप र चरणगत प्रक्रिया उल्लेख गर्नुहोस्।

३. पाठ्यवस्तु छनोट र स्तरणमा भिन्नता देखाउनुहोस्।

**अथवा**

भाषा सिकाइका सिद्धान्त के के हुन्? स्पष्ट पार्नुहोस्।

४. नयाँ पाठ्यपस्तक निमार्णका आधारहरू उल्लेख गर्नुहोस्।

५. पाठ्यवस्तु पठनका प्रकारहरू उल्लेख गर्दै यसको पठनमा हुने व्यवधान पक्ष केलाउनुहोस्।

६. भाषा पाठ्यपुस्तक लेखन,निर्माण र सम्पादनमा शिक्षक र विद्यार्थीको भूमिका उल्लेख गर्नुहोस्।

**अथवा**

पाठ्यपुस्तक लेखन र निर्माणका आधारहरू उल्लेख गर्नुहोस्।

**समूह 'ग'** २x१०= २०

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. भाषा पाठ्यक्रमका संरचनात्मक घटकहरू उल्लेख गर्दै उद्धेश्य र मूल्याङ्कन प्रक्रियाका आधारमा स्नातक तह (नेपां.शि ४६३) को विश्लेषण गर्नुहोस्।

८. कृतिको समग्र भाषा सम्पादन प्रक्रिया उल्लेख गर्दै छपाइ अवस्थाको सम्पादनमा भाषिक त्रुटि कसरी निराकरण गर्न सकिन्छ उल्लेख गर्नुहोस्।

**अथवा**

भाषा पाठ्यपुस्तक लेखन, निर्माण र सम्पादनका प्राज्ञिक र भौतिक के के हुन्? स्पष्ट गर्नुहोस्।

**समाप्त**